प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं १, विराटनगर।

## कृषि यान्त्रिकरण अनुदानको लागि आपूर्तिकर्ताबाट शिलवन्दी प्रस्ताव आव्हानको सूचना

(गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७५/१०/२९)

यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५" वमोजिम कार्यविधिको अनुसूची-२ मा उल्लेखित कृषि औजार उपकरणहरु सेटमा अनुदान प्रवाह सम्बन्धी कार्यक्रममा सहभागी हुन योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपूर्तिकर्ता, वितरकहरुबाट अनुसूची-३ अनुसारको फारम भरी अनुसुची-१ (क) अनुसार आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात मिति २०७५/११/३० गते दिनको १२:०० बजेभित्र यस निर्देशनालयमा शिलवन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ।

यो सूचना प्रकाशन भएको मितिले सातौं दिन अर्थात २०७५/११/०६ गते दिनको १:०० बजे Pre-Proposal Clarification Meeting हुनेछ। यस निर्देशनालयमा दर्ता भएका शिलवन्दी प्रस्तावहरु ३१ औं दिन अर्थात २०७५/११/३० गते दिनको २:०० बजे खोलिने छ।

यस सम्बन्धी थप जानकारीको लागि यस निर्देशनालयको फोन नं ०२१५२६५६८/ ०२१५२१३५८ मा सम्पर्क गर्नु हुन तथा उल्लेखित स्वीकृत कार्यविधि र दरखास्त फारम यस निर्देशनालयको वेबसाईट www.doad.p1.gov.np र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाईट www.molmac.p1.gov.np बाट डाउनलोड गर्न सकिने छ।

**जमानत सम्बन्धी विवरण:**

जमानत रकम: कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५ को अनुसूची – ३ को बुँदा नं. १० मा आपूर्तिकर्ताले उल्लेख गरेको एक आर्थिक वर्षमा कृषि औजार उपकरणहरु आपूर्ति गर्न सक्ने कुल रकमको २.५% बैंक ग्यारेन्टी वा सो बराबरको रकमको सक्कल भौचर।

जमानत मान्य अवधि: प्रस्ताव पेश गर्ने अन्तिम दिनदेखि ६ महिनासम्म ।

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, विराटनगर ।

एकल धरौटी खाता नं.: २१२०५०२००००० प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
कार्यालय कोड: ७०१३५१३०४

Scanned by CamScanner